# आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि, २०८३

चिकित्सा शिक्षा आयोग

प्रा.डा. [illegible]कृष्ण गिरी
उपाध्यक्ष

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रस्तावित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं:
दर्ता मिति:

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि, २०८३

__प्रस्तावना__: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेदः एक
### __प्रारम्भिक__

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यस कार्यविधिको नाम "आशयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. __परिभाषाः__ विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ।

(ख) "आशयपत्र" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्था स्थापना गर्नुभन्दा पहिला तोकिएका बिवरण र कागजातका आधारमा सम्बन्धन सम्बन्धी थप कार्य अगाडि बढाउन आयोगवाट दिइने अनुमती पत्र भन्ने सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसा सम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफसनल एजुकेशन) सम्झनु पर्छ।

(ङ) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ बमोजिमको निर्देशनालय सम्झनु पर्छ।

(छ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ।

(ज) "प्रतिष्ठान" भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सा शिक्षा सञ्चालनका लागि स्थापित प्रतिष्ठान भन्ने सम्झनु पर्छ।

(झ) "प्रत्यायन" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्था वा शैक्षिक कार्यक्रमको गुणस्तरको प्रमाणीकरणलाई सम्झनु पर्छ । यस शब्दले सम्बन्धन प्राप्त गरिसकेको चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरेको संस्थाले आयोगबाट प्राप्त गुणस्तर सम्बन्धी प्रमाणपत्र समेतलाई जनाउँछ । यसलाई अंग्रेजीमा एक्रिडिटेशन (Accreditation) भनी सम्झनु पर्छ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ञ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ।

(ट) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न, गराउन प्रचालित कानुनबमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ।

(ठ) "सम्बन्धन" भन्नाले चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने आशयपत्र पाइसकेको संस्थाले आशयपत्रमा उल्लेख भएका सर्त र तोकिएका अन्य मापदण्ड अनुगमन र परीक्षण गरी प्राप्त भएपछि आयोगको सिफारिसका आधारमा सम्बन्धित विश्वविद्यालय तथा परिषद्‌बाट दिइने संस्था तथा कार्यक्रम सञ्चालनको अनुमतिपत्र भन्ने सम्झनु पर्छ ।

(ड) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्दछ र सो शब्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ ।

(ढ) "समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

## परिच्छेदः दुई

## आशयपत्रसम्बन्धी व्यवस्था

३. आशयपत्रसम्बन्धी व्यवस्थाः (१) चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्न संस्था स्थापना गर्न चाहनेले ऐन र नियमावली एवं यो कार्यविधि बमोजिमका प्रक्रिया पूरा गरी नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिमको ढाँचामा आयोगमा आशयपत्रका लागि निवेदन दिन सकिने छ । यसरी निवेदन दिंदा परिषद् अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न इच्छुक शैक्षिक संस्थाले परिषद्को सिफारिस र प्रमाणपत्र तह भन्दा माथिका कर्यक्रम सञ्चालन गर्ने संस्थाले विश्वविद्यालय वा प्रतिष्ठानको सिफारिस सहित आयोगबाट प्रकाशित वार्षिक क्यालेण्डरमा तोकिएको समय सिमा भित्र निवेदन दिनुपर्ने छ । वार्षिक क्यालेण्डर प्रकाशन भई नसकेको अवस्थामा कार्यकारी समितिले तोकेको समयसिमा भित्र निवेदन दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिमको आशयपत्र प्राप्तिका लागि ऐनले व्यवस्था गरेबमोजिम देहायका विवरण तथा कागजात संलग्न गरी आयोगमा निवेदन दिनुपर्ने छ ।

(क) शिक्षण संस्था स्थापनाको लागि नक्साङ्कन सम्बन्धी विवरण,

(ख) शिक्षण संस्था स्थापनाको सम्बन्धमा आर्थिक तथा प्राविधिक प्रस्ताव.

(ग) सम्बन्धन लिन चाहेको विश्वविद्यालय वा परिषद्को अनुसची- २ बमोजिमको सहमति पत्र,

(घ) अस्पताल सञ्चालन सम्बन्धमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको स्वीकृति पत्र,

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ङ) राष्ट्रिय मापदण्ड तथा नक्साङ्कनसँगको अनुकूलता खुल्ने विवरण तथा कागजात,

(च) जग्गा, भवन, अस्पताल, लगानीको सुनिश्चितता, लगानीकर्ताको विश्वसनीयता, भौतिक पूर्वाधार, सेवाक्षेत्र, आबधिक तथा विषय क्षेत्रगत योजना समेत खुलाई तयार गरिएको बिस्तृत प्रस्ताव,

(छ) ऐनको दफा १२ बमोजिमको अवस्था नरहेको विवरण तथा कागजात,

(ज) गैरसरकारी वा निजी क्षेत्रबाट सञ्चालन गरिने मेडिकल कलेज भए प्रचलित कानून बमोजिम स्थापना र दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(झ) मेडिकल कलेज र शिक्षण अस्पताल एकै स्थानमा वा एक अर्कालाई पायक पर्ने स्थानमा हुने सुनिश्चितता भएको ड्रइङ डिजाइन र लोकेशन म्याप,

(ञ) एमविविएस कार्यक्रमको लागि कम्तीमा तीन सय शैया र बिडिएस, नर्सिङ कार्यक्रमका लागि कम्तीमा एकसय शैयाको मापदण्डअनुरूपको अस्पताल सञ्चालनमा रहेको प्रमाण,

(ट) शैक्षिक प्रशासनिक एवं शिक्षण अस्पताल र आवासिय भवन निर्माण र विस्तारको गुरूयोजना,

(ठ) नयाँ कार्यक्रम थपका लागि उक्त शिक्षण संस्था सञ्चालनमा रहेको र अन्य कार्यक्रम सञ्चालनका लागि पूर्वाधार र प्राज्ञिक सक्षमता पूरा भएको विवरण,

(ड) संस्था नवीकरण गर्नुपर्ने भएमा अघिल्लो वर्षको नवीकरण र कर चुक्ताको प्रमाणपत्र,

(ढ) आफ्नै संस्थाको नाममा जग्गा हुनुपर्ने कार्यक्रमका हकमा देहाय बमोजिमको जग्गा भएको प्रमाणः

(१) मेडिकल कार्यक्रम सञ्चालनका लागि हिमाल, पहाड तथा उपत्यकामा कम्तीमा दुई सय रोपनी र तराईमा भए कम्तीमा सोह्र विघा ।

(२) डेन्टल कार्यक्रम सञ्चालनका लागि लागि हिमाल, पहाड तथा उपत्यकामा कम्तीमा एक सय रोपनी कम्तीमा र तराईमा भए आठ विघा ।

(३) बुँदा न. (१) र (२) बाहेकका अन्य कार्यक्रमका हकमा हिमाल पहाड तथा उपत्यकामा भए कम्तीमा विस रोपनी र तराईमा भए कम्तीमा चार विघा ।

(४) बुँदा न. (१) देखि (३) सम्मको जग्गाको हकमा वढीमा दुई स्थानसम्ममा प्रवन्ध गर्न सकिनेछ तर उक्त दुई स्थान विचको दूरी दश किलोमिटरभन्दा वढी हुने छैन ।

(३) उपदफाको खण्ड (ढ) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिले नै सम्वन्धन लिई चिकित्सा विधाका कुनै पनि कार्यक्रम सञ्चालन भई रहेका शिक्षण संस्थामा थप कार्यक्रम सञ्चालन गर्न आशयपत्रका लागि निवेदन पेस गर्दा अस्पताल सञ्चालन गर्नुपर्ने कार्यक्रम बाहेकका अन्य कार्यक्रममा साविकमा तोकिएको मापदण्ड पूरा भएको भए यो व्यवस्था लागू हुने छैन ।

(४) दफा ५ को उपदफा (३) वमोजिम समितिको सिफारिस समेतको आधारमा आयोगले अवधि र आवश्यक सर्त तोकि अनुसूची- ३ वमोजिमको ढाँचामा आशयपत्र प्रदान गर्न सक्ने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(५) सम्बन्धन लिई कुनै पनि तहको कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाले सोही कार्यक्रममा थप विषय सञ्चालनका लागि आशयपत्र लिनुपर्ने छैन तर नयाँ कार्यक्रम सञ्चालनका लागि आशयपत्र लिनुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम नयाँ विषय तथा कार्यक्रम थप गर्ने सम्बन्धमा अन्य व्यवस्था कार्यकारी समितिले तोकेबमोजिम हुने छ।

४. <u>आवेदन शुल्क</u>ः (१) यस कार्यविधि अनुसार आवेदन गर्दाका बखत प्रति कार्यक्रम अनुसूची- ४ बमोजिमको शुल्क आयोगले तोकेको बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न राखी पेस गर्नुपर्ने छ।

(२) स्थापना भई सञ्चालनमा रहेको र स्थापना हुने शिक्षण संस्थाले एक पटकमा बढीमा तीनवटा कार्यक्रम सञ्चालनका लागि आवेदन गर्न पाइने छ।

(३) विशिष्टीकृत सेवाका लागि चाहिने नयां शैक्षिक कार्यक्रम र नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थाका लागि नवीकरण दस्तुर लाग्ने छैन ।

५. <u>विज्ञ समूह गठन</u>ः (१) दफा ३ बमोजिम परेका निवेदन उपर ऐन तथा नियमावलीमा उल्लिखित सर्त तथा मापदण्ड पूरा भए वा नभएको सम्बन्धमा अध्ययन तथा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न समितिले आवश्यक ठानेमा विज्ञहरू रहेको कार्यदल गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम कार्यदल गठन भएको अवस्थामा कार्यदलले पेश गरेको प्रतिवेदन समेतका आधारमा त्यस्तो संस्थाले निर्धारित मापदण्ड र सर्त पूरा गरेको देखिएमा नियमावलीको नियम २५ बमोजिम आशयपत्र प्रदान गर्ने प्रयोजनको लागि समितिसमक्ष सिफारिस गर्ने छ ।

(३) उपदफा (२) बमोजिम समितिको सिफारिस समेतको आधारमा आयोगले अवधि र आवश्यक सर्त तोकी आशयपत्र प्रदान गर्न सक्ने छ ।

(४) नियमावली प्रारम्भ भएपछि आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाको आशयपत्रको अवधि पाँच वर्षसम्म बहाल रहने छ र सो अवधिभित्र शिक्षण संस्था सञ्चालन नभएमा त्यस्तो संस्थाले प्राप्त गरेको आशयपत्र स्वतः रद्द हुने छ ।

६. <u>आशयपत्रको नवीकरण</u>ः (१) नियमावली प्रारम्भ हुँदाका बखत आशयपत्र प्राप्त गरेका शिक्षण संस्थाले ऐन तथा यस नियमावली बमोजिमको प्रत्येक वर्ष असार मसान्तभित्र नवीकरणका लागि अनुसूची- ५ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्ने छ ।

(२) दफा ३ बमोजिमको सर्त पूरा नगरेका शिक्षण संस्थाको आशयपत्र नवीकरण गरिने छैन ।

(३) आशयपत्र पाएको मितिले पाँच वर्षको अवधिभित्र मापदण्डका सर्त पूरा गरी शिक्षण संस्था सञ्चालन नभएमा आशयपत्र स्वतः रद्द हुनेछ र आशयपत्रका लागि बुझाएको शुल्क फिर्ता हुनेछैन ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(४) दफा ३ बमोजिमको मापदण्डका सर्त पूरा गरी शिक्षण संस्था सञ्चालन नभए वा यस नियम बमोजिम नवीकरण नगरेमा वा नभएमा सम्वन्धित संस्थाले प्राप्त गरेको आशयपत्र रद्द हुने छ ।

तर, त्यसरी आशयपत्र रद्द गर्नु अघि सम्वन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने छ ।

७. आशयपत्र प्रदान नगरिनेः (१) ऐनको दफा १२ बमोजिम देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशयपत्र प्रदान गरिने छैनः

(क) विद्यार्थीको पढाई र अभ्यासका लागि मेडिकल तर्फ कम्तीमा तीनसय तथा डेन्टल र नर्सिडंतर्फ एकसय शैयाको अस्पताल सञ्चालन नभएसम्म सम्वन्धित विषयको कुनै कार्यक्रम सञ्चालन गर्न।

(ख) यस कार्यविधि र आयोगले तोकेका अन्य मापदण्ड पूरा नभएमा ।

(ग) दफा ५ बमोजिमको विज्ञ समूहले सिफारिश नगरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ भएको मितिले दश वर्षसम्म काठमाडौ उपत्यका भित्र मेडिकल, डेन्टल र नर्सिङ विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्नका लागि शिक्षण संस्था स्थापना र सञ्चालन गर्न आशयपत्र प्रदान गरिने छैन ।

(३) साविकमा अन्य कार्यक्रमको सम्वन्धन लिई सञ्चालन गरिरहेका शिक्षण संस्थामा कार्यक्रम थप गर्दा समेत उपदफा (२) बमोजिमको हुने छ।

## परिच्छेद तीन

## सम्बन्धन सम्बन्धी व्यवस्था

८. सम्बन्धन सम्बन्धी व्यवस्था :(१) दफा ३ बमोजिम आशयपत्र प्राप्त गरेको शिक्षण संस्थाले ऐनको दफा १३ को अधीनमा रही सम्बन्धनको सिफारिसको लागि आयोगले निर्धारण गरेको अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थाले देहायका सर्तहरु पूरा गरेको हुनु पर्नेछः

(क) आशयपत्रमा उल्लिखित सर्तहरू पूरा गरेको,

(ख) स्नातक तह र सो भन्दा माथिका कार्यक्रम सञ्चालनका लागि आफ्नै अस्पताल चाहिने कार्यक्रमका हकमा प्रचलित कानून बमोजिम स्वीकृती लिई लगातार तीन वर्षसम्म आफ्नै अस्पताल सञ्चालन गरेको । प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनका लागि आफ्नै अस्पताल चाहिने कार्यक्रमका हकमा प्रचलित कानून बमोजिम अस्पताल सञ्चालन स्वीकृती लिई अस्पताल सञ्चालन गरेको,



प्रा.डा. [illegible] गिरी
उपाध्यक्ष

(ग) आयोगले निर्धारण गरेको मापदण्ड र प्रचलित कानूनले तोकेका मापदण्ड पूरा गरेको,

(घ) विश्वविद्यालय, परिषद्‌बाट सम्बन्धन प्राप्त गर्न योग्य रहेको प्रमाण पेश गरेको,

(ङ) अनुसूची-३ बमोजिम भौतिक, प्राज्ञिक तथा शैक्षिक पूर्वाधार पूरा गरेको,

(च) स्वयम् मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको,

(छ) आशयपत्र नवीकरण भएको।

(३) उपदफा (२) बमोजिमका सर्तहरु पूरा गरे वा नगरेको सम्बन्धमा आयोगले विज्ञद्वारा अनुगमन गराई प्रतिवेदन लिन सक्ने छ ।

(४) उपदफा (३) बमोजिमको अनुगमन प्रतिवेदन समेतका आधारमा समितिले सम्बन्धित संस्थालाई सम्बन्धन दिने प्रयोजनको लागि आयोगमा सिफारिस गर्न सक्ने छ ।

(५) उपदफा (४) बमोजिमको समितिको सिफारिस समेतका आधारमा आयोगले सम्बन्धित संस्थालाई अनुसूची- ७ को ढाँचामा सम्बन्धन दिन विश्वविद्यालय, परिषद्‌लाई सिफारिस गर्न सक्ने छ।

(६) उपदफा (५) बमोजिमको सम्बन्धनका लागि सिफारिस गरिएका संस्थालाई पूर्व स्वीकृति, सहमति दिने विश्वविद्यालय, परिषद्‌ले सम्बन्धन दिई सोको जानकारी आयोगमा उपलब्ध गराउनु पर्ने छ।

९. <u>सम्बन्धन खारेजी सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धन प्राप्त वा आङ्गिक शिक्षण संस्थाले स्वीकृत मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा आयोगले विज्ञद्वारा निरीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा १४ को उपदफा (१) बमोजिमको अवस्था पाइएमा एक पटकको लागि मापदण्ड पूरा गर्न बढीमा एक वर्षको समय दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र मापदण्ड पूरा गर्न नसक्ने शिक्षणसंस्थाले प्राप्त गरेको एक वा सो भन्दा बढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेजीका लागि आयोगले सम्बन्धित विश्वविद्यालय/परिषदमा सिफारिस गर्नेछ ।

(४) नियमावलीको नियम २३ बमोजिम आयोगले निर्धारण गरेको शुल्क भन्दा बढी शुल्क लिएमा समितिको सिफारिसमा आयोगले त्यस्तो शिक्षण संस्थाको सम्बन्धन खारेजीका लागि विश्वविद्यालय वा परिषद् समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम सिफारिस प्राप्त भएमा सम्बन्धित विश्वविद्यालयले ऐनको दफा १४ को उपदफा (२) र (३) बमोजिमको प्रकृया पूरा गरी त्यस्तो शिक्षण संस्थाको कुनै एक वा सो भन्दा बढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेजी गर्ने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(६) उपदफा (५) बमोजिम सम्बन्धन खारेज भएका शिक्षण संस्थाको विवरण सम्वन्धित विश्वविद्यालय वा परिषद्ले सार्वजनिक गरी पन्ध्र दिनभित्र आयोगमा जानकारी गराउनु पर्ने छ ।

(७) सम्बन्धन खारेजी भएका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको अध्ययन पूरा गराउने तथा उपाधि प्रदान गर्ने कार्य सम्बन्धित विश्वविद्यालय वा परिपदले गर्नु पर्नेछ र सोको आर्थिक दायित्व सम्वन्धन खारेज भएको शिक्षण संस्थाको हुने छ ।

परिच्छेदः चार

विविध

१०. परिषद् अन्तर्गत सञ्चालन हुने चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रमको आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धीव्यवस्था: (१) परिषद् अन्तर्गत सञ्चालन हुने चिकित्सा शिक्षा सम्वन्धी कार्यक्रमको आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी व्यवस्था गर्नका लागि कार्यकारी समितिले प्रत्यायन समितिका कुनै सदस्यको संयोजकत्वमा देहाय बमोजिमको एक प्रत्यायन उपसमिति गठन गर्न सक्ने छः

(क) प्रत्यायन समितिका सदस्यहरूमध्येबाट एक जना - संयोजक

(ख) मेडिकल/डेन्टल तर्फका विषय विज्ञहरूमध्येबाट एक जना - सदस्य

(ग) नर्सिङ तर्फका विषय विज्ञमध्येबाट एक जना - सदस्य

(घ) स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता हुने विषयसँग सम्वन्धित विज्ञहरू मध्येबाट एक जना - सदस्य

(ङ) फार्मेसी विषयसँग सम्बन्धित विज्ञहरू मध्येवाट एक जना - सदस्य

(च) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको वरिष्ठ अधिकृत - सदस्य

(छ) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) (क) ,(ख), (ग) ,(घ) र (ङ) बमोजिमको सदस्यको मनोनयन समितिले गर्नेछ र मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ । उल्लिखित विज्ञ सदस्य रहेका भन्दा फरक विषय क्षेत्रको वारेमा निर्णय गर्नुपर्दा सम्बन्धित क्षेत्रको विज्ञलाई उपसमितिले आमन्त्रण गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम गठन भएको समितिले परिषद् अन्तर्गत सञ्चालन हुने चिकित्सा शिक्षाका सबै कार्यक्रमको आशयपत्र, कार्यक्रमको स्वीकृति, सम्बन्धन, सिट निर्धारण र प्रत्यायन तथा संस्था नवीकरण सम्वन्धमा नियमावलीको नियम २५ बमोजिमको प्रत्यायन समिति समक्ष सिफारिश गर्ने छ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सिफारिसको अध्ययन गरी प्रत्यायन समितिले आवश्यक निर्णय गर्नका लागि कार्यकारी समितिमा पेस गर्नेछ ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(५) परिषद्अन्तर्गत सञ्चालन हुने चिकित्सा शिक्षा सम्वन्धी कार्यक्रमको आशयपत्र, प्रत्यायन र सम्वन्धन सम्वन्धी शुल्क अनुसूची ४ बमोजिम हुनेछ ।

११. <u>अनुसूची संशोधनः</u> मापदण्ड तथा प्रत्यायन निर्देशनालयको सिफारिसमा समितिले यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्ने छ ।

१२. <u>खारेजी र बचाउः</u> (१) आशयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि,२०७८ खारेज गरिएको छ ।

(२) आशयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि,२०७८ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

आसयपत्रका लागि आयोगमा दिनुपर्ने निवेदनको ढाँचा

च.नं. मिति:

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

विषयः आसयपत्र सम्वन्धमा ।

............... प्रदेश, ............... जिल्ला, ............... महा/उप/नगर/गाँउँपालिका ...............वडा नं. ............... स्थानमा ............................... विषयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षण संस्था स्थापना/नयाँ कार्यक्रम थप गर्नका लागि आसयपत्र प्राप्त गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा उल्लिखित कागजात तथा विवरण चार प्रति, आर्थिक तथा प्राविधिक प्रस्ताव र निवेदन दस्तुर बापत रु. ............... (अक्षरेपी रु. ...............) दाखिला गरेको सक्कल बैंक भौचर समेत संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

विवरण

१. संस्थाको नाम:
२. संस्था दर्ता नं.:
३. संस्था दर्ता मिति:
४. संस्था दर्ता गर्ने निकाय:
५. स्थायी लेखा नं. (PAN):
६. शिक्षण संस्थाको नाम:
७. शिक्षण संस्था स्थापना गर्ने स्थान:
८. सम्बन्धनका लागि सहमति प्रदान गर्ने विश्वविद्यालय:
९. सम्पर्क व्यक्तिको नाम: पद: फोन नं. :
१०. पत्राचार गर्ने ठेगाना:
११. नयाँ कार्यक्रम थपका लागि भए:
    क. साविकमा सञ्चालनमा रहेका कार्यक्रमहरू: १. २. ३.
    ख. नयाँ माग गरिएको कार्यक्रम : १. २. ३.

संस्थाको छाप

संस्थाको छाप

निवेदक
हस्ताक्षर :
नाम, थर :
पद: फोन नं.
स्थायी ठेगाना :

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची २

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

सम्बन्धित विश्वविद्यालय/परिषदले दिने सहमती पत्रको नमुना

मितिः

च.नं.

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

............................................... जिल्ला, ............................................ पालिका वडा नं. .............................. को ............................................... (संस्थाको नाम) ले यस विश्वविद्यालय अन्तर्गत रही चिकित्सा शिक्षाको ............................................... तहको ............................................ कार्यक्रम संचालन गर्ने/ कार्यक्रम थप गर्नका लागि लागि यस विश्वविद्यालय/परिषदमा सम्वन्धन सहमती पाउन दिएको निवेदन उपर कार्याही हुँदा यस विश्वविद्यालय/परिषदको ............................................... (विश्वविद्यालय/परिषदका प्रचलित कानुन उल्लेख गर्ने) वमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ११ को उपदफा (२) को खण्ड (ग) प्रयोजनका लागि सम्वन्धन सहमती दिइएको बेहोरा मिति ............................................... को निर्णयानुसार अनुरोध छ ।

...............................................

नामः

पदः

कार्यालयको छाप

प्रा.डा. ...गिरी
उपाध्यक्ष

अनुसूची- ३

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**आयोगबाट दिइने आशयपत्रको ढाँचा**

च.न.:

मितिः

विषयः आशयपत्रसम्वन्धमा ।

श्री

प्रस्तुत विषयमा त्यस संस्थाले चिकत्सा शिक्षा अन्तर्गतको——, ——, —.— कार्यक्रमका लागि पूर्वाधार तयार गर्न आशयपत्र प्राप्तिका लागि पेश गरेको आवेदन उपर कारवाहीका लागि आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्वन्धी कार्यविधि, २०८३ को दफा ५ बमोजिम गठित समितिको सिफारिस बमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ र आसयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी कार्यविधि, २०८३ मा उल्लिखित सवै व्यवस्था तथा निम्नलिखित सर्तहरू पालना गर्नेगरी देहायका शैक्षिक कार्यक्रमको पूर्वाधार विकासका लागि कार्यकारी समितिको मिति २०—./—/—.. को निर्णयानुसार ——.. वर्षका लागि आशयपत्र प्रदान गरिएको व्यहोरा अनुरोध छ।

आशयपत्र प्रदान गरिएका विषयः

आशयपत्र लागू हुने मितिः

__संस्थाले पालना गर्नुपर्ने सर्तहरू:__

(क) शिक्षण संस्थाले स्वदेशी लगानी भए १० प्रतिशत र विदेशी वा विदेशीसँग संयुक्त लगानी भए २० प्रतिशत विद्यार्थीहरुलाई आयोगको सिफारिसमा निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(ख) निःशुल्क अध्ययन गर्न पठाइएका विद्यार्थीहरुसंग आयोगले तोकेको शीषर्कमा मात्र रकम लिनपाउनेछ।

(ग) मेडिकल डेन्टल कार्यक्रम सञ्चालन गर्ने संस्थाले शिक्षण अस्पततालको २० (वीस) प्रतिशत शैया असहाय र अशक्त विरामीको लागि छुट्याउनुपर्नेछ। त्यसमध्ये १० (दश) प्रतिशतलाई निःशुल्क उपचार गराउनुपर्नेछ भने १० (दश) प्रतिशतलाई वेडको शुल्क नलिने व्यवस्था गर्नुपर्नेछ ।

(घ) अध्ययनको लागि शिक्षण संस्थामा कार्यरत विदेशीहरुले व्यक्तिगत क्लिनिक खोल्न वा अरुको क्लिनिकमा कार्य गर्न पाउने छैनन् ।

(ङ) नेपालमा दर्ता नभएको विदेशी संस्थाले आशयपत्र प्राप्त गरेको ६ महिनाभित्र नेपालभित्र संस्था दर्ता गर्नुपर्नेछ ।

(च) शिक्षण संस्थाले सम्वन्धन दिने विश्वविद्यालय/परिषद् सम्बन्धित काउन्सिलका सर्त बन्देज पालना गर्नुपर्नेछ

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची- ४

(दफा १ को उपदफा (१) सँग सम्बन्धित)

शुल्क सम्बन्धी व्यवस्था

| क्र.स. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | आशयपत्र निवेदन बापत (नियमावली अनुसार) | |
| | क. एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी। | १०,००,०००/- |
| | ख एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | २०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | ५,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | २,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | छ. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रम, ( प्रति कार्यक्रम स्वदेशी लगानी भए | २,००,०००/- |
| | ज. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रम ( प्रति कार्यक्रम विदेशी लगानी भए) | ५,००,०००/- |
| २ | आशयपत्र नविकरण बापत (नियमावली अनुसार) | |
| | क. एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रम प्रति कार्यक्रम स्वदेशी लगानी भए | १,००,०००/- |



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

| | | |
|---|---|---|
| | ज. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रम प्रति कार्यक्रम विदेशी लगानी भए | २,००,०००/- |
| ३ | सम्बन्धन सिफारिश शुल्क | |
| | क. एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमबिबिएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ५,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रमः प्रति कार्यक्रम | १०,०००/- |
| ४ | प्रत्यायन सिफारिश शुल्क | |
| | क. एमबिबिएस कार्यक्रम (स्वदेशी लगानी। | ५,००,०००/- |
| | ख एमविविएस कार्यक्रम (विदेशी लगानी) | १०,००,०००/- |
| | ग. विडिएस कार्यक्रम (स्वेदेशी लगानी) | २,००,०००/- |
| | घ. विडिएस कार्यक्रम (विदेशी लगानी) | ४,००,०००/- |
| | ङ अन्य कार्यक्रम (स्वदेशी लगानी। | १,००,०००/- |
| | च. अन्य कार्यक्रम (विदेशी लगानी) | २,००,०००/- |
| | छ. परिषद् अन्तर्गतका कार्यक्रमहरुः प्रति कार्यक्रम स्वदेशी लगानी भए | १,००,०००/- |
| | ज. परिषद् अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुः प्रति कार्यक्रम विदेशी लगानी भए | २,००,०००/- |



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची ५

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

<u>आयोगबाट दिइने आशयपत्रको नवीकरणको ढाँचा</u>

च.नं. मितिः

विषयः आशयपत्रको नवीकरण सम्बन्धमा ।

श्री

यस आयोगको मिति ............................................ को निर्णयमोजिम च.नं ............................ मिति ................ को पत्रानुसार त्यस शिक्षण संस्थालाई आर्थिक वर्ष ................................ मा ........................................ कार्यक्रमका लागि दिएको संस्था स्थापनाको आशयपत्र मिति ........................................ को निर्णयानुसार आर्थिक वर्ष .......................लागि नवीकरण गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ ।

..........................................

नामः

पदः

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची ६

(दफा ८ उपदफा (१) सँग सम्बन्धित)

## आयोगबाट दिइने सम्बन्धन सिफारिस ढाँचा

च.नं.                                                                                                    मितिः

विषयः सम्बन्धनका लागि सिफारिश गरिएको ।

श्री                                         विश्वविद्यालय/परिषद

श्री .............................. जिल्ला .............................................. गाउँपालिका/नहारपालिका/महानगरपालिका वडा न. ................. स्थित श्री ................................................ संस्थालाई त्यस विश्वविद्यालय / परिषदको मिति .................................. को सहमति बमोजिम यस आयोगवाट तपसिल बमोजिमका कार्यक्रम संचालनका लागि मिति ................................. मा दिएको आशयपत्र बमोजिमको शर्त, मापदण्ड र प्रक्रिया पूरा गरेकाले उक्त शिक्षण संस्थालाई कार्यक्रम संचालनका लागि सम्वन्धन दिन चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिको मिति ........................................ को निर्णयानुसार सिफारिश गरिएको व्यहोरा अनुरोध छ ।

सम्वन्धनका लागि सिफारिश गरिएका कार्यक्रम

१.
२.

.......................................

नामः

पदः

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची ७

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

## सम्बन्धन सिफारिशका लागि दिइने निवेदनको ढाँचा

च.नं. मितिः

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

विषयः सम्बन्धन सिफारिश सम्बन्धमा।

............... प्रदेश, ............... जिल्ला, ............... महा/उप/नगर/गाउँपालिका ...............वडा नं. ............... स्थानमा ................................ विषयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगबाट आसयपत्र प्राप्त गरेको यस संस्थाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ र आसयपत्रमा उल्लिखित सबै शर्त तथा मापदण्ड पूरा गरेको हुँदा सो सम्बन्धी कागजात तथा प्रमाणहरू, चार प्रति स्वयम् मूल्याङ्कन प्रतिवेदन र निवेदन दस्तुर बापत रु. ............................ (अक्षरेपी रु. ............................................................) दाखिला गरेको सक्कलै बैंक भौचरसमेत संलग्न गरी सम्बन्धन सिफारिश प्राप्तिका लागि यो निवेदन पेश गरेको छु ।

विवरण

१. संस्थाको नामः
२. संस्था दर्ता नं.:
३. संस्था दर्ता मितिः
४. संस्था दर्ता गर्ने निकायः
५. स्थायी लेखा नं. (PAN):
६. शिक्षण संस्थाको नामः
७. शिक्षण संस्था स्थापना गर्ने स्थानः
८. सम्बन्धनका लागि सहमति प्रदान गर्ने विश्वविद्यालय /परिषदः

निवेदक
हस्ताक्षर :
नाम, थर :
स्थायी ठेगाना :

| संस्थाको छाप |
|---|

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष